छत्रेश्वरी गाउँपालिका, सल्यान

आ.व. २०८२/०८३

# सार्वजनिक सुनुवाइ कार्यक्रम

# सम्पन्न प्रतिवेदन






गोरखापत्र | कर्णाली | २०८३ साल वैशाख २८ गते सोमबार 2026 May 11 Monday | ११

gorkhapatraonline.com

## सार्वजनिक सुनुवाइ : विकास र सेवामाथि बहस

शारदा समाचारदाता
*शारदा (सल्यान), वैशाख २७ गते*

सल्यान छत्रेश्वरी गाउँपालिकाका नागरिकले सेवा प्रवाहदेखि विकास निर्माणसम्मका विषयमा गुनासो, प्रश्न र सुझाव दिएका छन्। गाउँपालिकाले सात वटै वडामा सञ्चालन गरेको सार्वजनिक सुनुवाइमा नागरिकहरूले गाउँपालिकाका मुख्य तथा ग्रामीण सडक स्तरोन्नति, खानेपानी व्यवस्थापन, अस्पताल भवन निर्माण कार्यलाई तीव्रता दिन माग गरेका थिए।

यस्तै स्वास्थ्य सेवा सुधार, कृषि तथा पशु सेवा विस्तार, कृषि अनुदानको प्रभावकारी वितरण, लक्षित वर्गका कार्यक्रमलाई परिणाममुखी बनाउनुपर्ने तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने विषयमा समेत सहभागीले सवाल उठाएका थिए।

सेवाग्राही तथा सरोकारवालाको प्रश्न प्रत्यक्ष सुन्न तथा जवाफदेहिता बढाउन गाउँपालिकाले सबै वडामा सार्वजनिक सुनुवाइ गरेको हो। सेवा सुधार र सुशासनका लागि लोकतान्त्रिक अभ्यासका रूपमा कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिका, वडा कार्यालय तथा पालिका मातहतका विभिन्न कार्यालयबाट प्रवाह भइरहेका सेवा, सञ्चालनमा रहेका विकास निर्माणका काम तथा योजनाबारे जानकारी गराउँदै नागरिकका गुनासा र सुझाव सङ्कलन गर्न सार्वजनिक सुनुवाइ गरिएको हो।

पछिल्लो चरणमा वडा नं ५ को गरिपारंमा बुधवार, वडा नं ६ को लान्तीमा बिहीबार र वडा नं ७ को राइसीमा शुक्रबार कार्यक्रम सम्पन्न भएसँगै सात वटै वडामा सार्वजनिक सुनुवाइ सकिएको हो। स्थानीयले स्वास्थ्य संस्था, वडा कार्यालय तथा गाउँपालिकाबाट प्रवाह हुने सेवा थप सहज, पारदर्शी र नागरिकमैत्री बनाउन सुझाव दिएका छन्। सुनुवाइमा उठाइएका गुनासा तथा जिज्ञासाको सम्बन्धित शाखा प्रमुख तथा जनप्रतिनिधिले प्रत्यक्ष जवाफ दिएका थिए।

छत्रेश्वरी गाउँपालिका अध्यक्ष ओजबहादुर बुढाथोकी, उपाध्यक्ष बुद्धकुमारी खत्री, प्रमुख प्रशासकीय अधिकृत दीपक बुढाथोकी, सम्बन्धित वडाका वडाध्यक्ष, विभिन्न शाखाका प्रमुख, वडा सचिव तथा स्वास्थ्य संस्थाका प्रमुखले सेवा प्रवाह र विकास निर्माण कार्यको प्रगतिबारे अवगत गराउँदै सहभागीको प्रश्नको जवाफ दिनुभएको थियो।

**पेश गर्ने**

**लेकाली अनलाईन प्रालि**

**सल्यान**

# छत्रेश्वरी गाउँपालिका सल्यानको आ.व ०८२/०८३ को सार्वजनिक सुनुवाइको प्रतिवेदन, २०८३

## १. परिचयः

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरूलाई स्थानीय स्तरबाट नै सुरू गर्न सरकारले विभिन्न नीति नियमहरू लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरूले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । नागरिकको आवाज तथा गुनासोहरूको प्रत्यक्ष रूपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरूले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम नागरिक प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ ।

छत्रेश्वरी गाउँपालिका सल्यानबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा नागरिकलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल रूपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । आर्थिक वर्ष २०८२।०८३ को सार्वजनिक सुनुवाई कार्यक्रम तथा वहिर्गमन अभिमत संकलन कार्य लेकाली अनलाईन प्रालि सल्यानको सहजिकरणमा छत्रेश्वरी गाउँपालिकाको सातवटै वडामा भएको हो । सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. पृष्ठभुमीः

छत्रेश्वरी गाउँपालिका, सल्यान कर्णाली प्रदेश अन्तर्गत अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो । यहाँ प्राकृतिक स्रोत, कृषि सम्भावना, सांस्कृतिक विविधता तथा सामाजिक संरचनाले स्थानीय विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । संघीय शासन प्रणाली लागू भएसँगै स्थानीय तहहरु नागरिकलाई प्रत्यक्ष सेवा प्रदान गर्ने प्रमुख निकायका रूपमा स्थापित भएका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको प्रमुख दायित्व सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, प्रभावकारी तथा नागरिकमैत्री बनाउनु हो । यसै सन्दर्भमा नागरिक सहभागिता, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहको वास्तविक अवस्था मूल्यांकन गर्ने उद्देश्यले छत्रेश्वरी गाउँपालिकाका सातवटै वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको हो ।

सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिका भित्रका नागरिक, सरोकारवाला, कर्मचारि तथा जनप्रतिनिधीहरू बिच आमने सामने सार्वजनिक चासोका सवाल तथा समस्याका बिषयमा केन्द्रित रहेको थियो । यसका साथै सेवाग्राहीले गाउँपालिका कार्यालय, वडा कार्यालय एवं स्वास्थ्य संस्थाबाट सेवा लिइसकेपछि बाहिरिने समयमा व्यक्त गरेका सन्तुष्टि वा सुझावहरू बहिर्गमन अभिमतमा संकलन गरिएको थियो । सेवाको गुणस्तर, कर्मचारीको व्यवहार र समयसीमाबारे प्रत्यक्ष प्रतिक्रिया संकलन गरि सार्वजनिक सुनुवाई अघि प्रस्तुत गरिएको थियो । सार्वजनिक सुनुवाईमा नागरिले राखेका गुनासा तथा सवालको बिषयमा जवाफदेही वक्ताहरूवाट त्यसको जवाफ दिनुका साथै सामाधानका उपायाहरू बारे गाउँपालिकाले प्रतिवद्धता जनाएको थियो ।

## ३. सार्वजनिक सुनुवाईको औचित्य एवं उद्देश्यहरूः

गाउँपालिका कार्यालय, वडा कार्यालय एवम् पालिका मातहतका कार्यालयहरूबाट सञ्चालन भएका विकास निर्माण कार्यहरू तथा स्थानीय बासिन्दाहरूका लागि पुऱ्याएको सेवा सुविधाहरूको विषयमा सेवग्राहीहरूको प्रतिक्रिया तथा गुणासाहरूका साथै आगामी दिनहरूमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरू बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ ।

कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै केही वर्षयता स्थानिय तहहरूको कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रूपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका थिए ।

१. जनगुणासाहरू सुन्नु ।
२. नागरिकको समस्यामा छलफल गर्नु ।
३. पालिकामा भएगरेका कामहरूको मूल्यांकन गर्नु ।
४. आगामी दिनहरूमा गाउँपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान र सुझाव प्राप्त गर्नु ।
५. सेवा प्रवाहको मापन गर्नु ।
६. गुनासाहरू सुनुवाई तथा सम्वोधनका लागि सामुहिक छलफल गर्नु ।
७. गुणस्तर मापन गर्नु ।
८. सेवा ग्राहि र सेवा प्रदायक विच आमने सामने छलफल गर्नु ।

## ४. मुख्य विवरण र कार्यक्रम सञ्चालन प्रक्रियाः

सार्वजनिक सुनुवाई कार्यक्रम छत्रेश्वरी गाउँपालिकाका वडा नं. १ देखि ७ सम्म चरणबद्ध रुपमा सम्पन्न गरिएको थियो । प्रत्येक वडामा कार्यक्रम स्थानीय स्तरमै आयोजना गरी नागरिकलाई प्रत्यक्ष रुपमा सहभागी गराइएको थियो । यस अघि गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा पुगेर वहिर्गमन अभिमत संकलन गरिएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका कर्मचारी, नागरिक समाज, महिला समूह, युवा, दलित, जनजाति, शिक्षक, सञ्चारकर्मी तथा सर्वसाधारण नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रम सञ्चालनका क्रममा गाउँपालिकाबाट हालसम्म सञ्चालन भइरहेका शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सामाजिक सुरक्षा, पूर्वाधार विकास तथा अन्य सेवा प्रवाह सम्बन्धी योजनाहरूको विस्तृत प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा नागरिकहरूले सेवा प्रवाहसँग सम्बन्धित विभिन्न प्रश्न, जिज्ञासा, गुनासा तथा सुझावहरु प्रस्तुत गरेका थिए ।

## ५) कार्यक्रम सञ्चालन मिति र सहभागिताः

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको मिति र कार्यक्रममा भएको सहभागिता वडा अनुसार निम्न बमोजिम रहेको छ ।

| सञ्चालन भएको वडा | मिति | उपस्थिती संख्या | कैफियत |
|---|---|---|---|
| वडा नं ४ को जयचौर | २०८३ वैशाख १४ गते | ७५ जना | जवाफदेही वक्ता र सहजकर्ता सहित |
| वडा नं ३ मुलखोला | २०८३ वैशाख १५ गते | ७४ जना | |
| वडा नं १ दमाचौर | २०८३ वैशाख २१ गते | ६९ जना | |
| वडा नं २ दहखोला | २०८३ वैशाख २२ गते | ३६ जना | |
| वडा नं ५ गरिपारे | २०८३ वैशाख २३ गते | ४९ जना | |
| वडा नं ६ लान्ती | २०८३ वैशाख २४ गते | ४३ जना | |
| वडा नं ७ राङ्सी | २०८३ वैशाख २५ गते | ४८ जना | |

## ६) कार्यक्रममा उठेका मुख्य सवालहरूः

सार्वजनिक सुनुवाई कार्यक्रममा उठान भएका मुख्य मुख्य सवाल, प्रश्न, गुनासा, सुझाव तथा जवाफदेही वक्ताबाट व्यक्त भएका जवाफको छोटकरी व्यहोरा यसप्रकार छन् ।

| क्र.सं | प्रश्न, गुनासो सुझाव | जवाफको छोटकरी व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | तुसारे लिफ्ट खा.पा. योजना लामो समय हुँदा पनि पूर्णता नपाएको तथा वडामा सञ्चालन भएका | ३ करोड ६० लाखको डिपिआर भएको तुसारे खापा योजना भएकाले एकैपटक बजेट सुनिश्चित नहुँदा योजनालाइ पूर्णता दिन समस्या भएको, पहल भैरहेको । दिगो रूपमा | |

| | | | |
|---|---|---|---|
| | निर्माण योजनाहरू गुणस्तरीय बनाउन अनुगमन प्रभावकारी बनाउनुपर्ने | टिक्ने योजना बनाउन पालिका तत्पर, पहिलो दायीत्व प्राविधिक कर्मचारीको भएकाले प्रत्येक वडामा खटाइएको, इन्जिनियरबाट पनि निगरानी भएको र आफ्नो क्षेत्रको योजनाहरू स्वयम स्थानीयले पनि निगरानी गर्नुपर्ने । (वडा अध्यक्ष र प्रप्रअ) | वडा नं १ |
| २ | दमाचौरमा सार्वजनिक सौचालय निर्माण हुनुपर्ने | सौचालय निर्माण मात्र ठूलो कुरा नभएको तर त्यसलाई सञ्चालनमा समस्या हुने भएकाले स्थानीयहरू त्यसमा तत्पर हुने र व्यवस्थापन एवं सञ्चालन गर्ने हो भने माग सम्बोधन गरिने । (प्र.प्र.अ.) | |
| ३ | भानुभक्त माविमा एसईई परीक्षा केन्द्र किन हटाइयो ? | एसईईको परीक्षा केन्द्र नहुनुमा पालिकाको क्षेत्राधिकार भन्दा वाहिरको भएको शिक्षा विकास तथा समन्वय इकालइले गरेको (प्र.प्र.अ.) | |
| ४ | वडाका पर्यटकीय क्षेत्रको उचित प्रचारप्रसार हुनुपर्यो | समग्र पालिकाको पर्यटन प्रवर्द्धनका लागि विगतमा पनि काम भएको र प्रचारप्रसारको काम भैरहेको । होम स्टेको अवधारणा सहित मानिसहरूलाई आकर्षित गर्न पहल गरिने (प्र.प्र.अ.) | |
| ५ | कुनै पनि कार्यक्रम वा अन्य सूचना प्रभावकारी प्रभावकारी रूपमा प्रवाह हुनुपर्ने | पालिकाले आफ्नो वेवसाइट, फेसबुक पेज, सूचना पाटीबाट पनि प्रकाशन हुनेगरेको, स्वत प्रकाशन पनि हुनेगरेकोले त्यहाँबाट सूचना लिनुपर्ने । प्रप्रअ | |
| ६ | प्रेसर, सुगर लगाएतका औषधि स्वास्थ्य संस्थामा किन उपलब्ध नभएको ? | आधारभुतको स्वास्थ्य सेवा पालिकाले प्रवाह गरिरहेको तथा नागरिकको अपेक्षा ठूलो भएको । स्थानीय तहको अधिकारभित्र रहेका वा खरिद गर्न पाउने औषधिको अभाव हुन नदिएको । प्रदेशले खरिद गरेर पठाउने औषधिको उपलब्धताको लागि पनि पहल भैरहेको । (प्र.प्र.अ. र स्वास्थ्य चौकी प्रमुख) | |
| ७ | बाल पोषण भत्ता पनि वडाहरूबाटै उपलब्ध गराउनुपर्ने ? | अन्य सासु भत्ता जस्तै बाल पोषण भत्ता पनि वडाबाट वितरणका लागि बैंकहरूसंग समन्वय गरिने । प्रप्रअ | |
| ८ | तरकारीको लागि सिंचाइको प्रवन्ध हुनुपर्ने | श्रोत साधनका कारण सबै काम पुरा हुन नसकेको र माग सम्बोधन गर्दै लगिने । वडा नं १ सुन्तलाको पकेट क्षेत्र भएकाले विशेष गरेर त्यसमा नै जोड दिइने । (प्र.प्र.अ.) | |
| ९ | असारे विकासलाई निराकरण गर्नुपर्ने | समयमै योजना तर्जुमा, समयमै उपभोक्ता समिति गठन गरेर तथा समयमै ठेक्का प्रक्रिया | |

| | | | |
|---|---|---|---|
| | | अगाडी बढाएर आर्थिक वर्षको अन्त्यमा हुने चाप घटाउन पालिकाले प्राथमिकता दिइरहेको । (प्र.प्र.अ.) | |
| १० | योजना सम्झौता वडाबाटै हुनुपर्ने | समयमै उ.स. गठन भएमा वडामै पुगेर सम्झौता गर्न सकिने तर पटक पटक वडामा गएर सम्झौता गर्न प्राविधिक कुरा, जनशक्ति व्यवस्थापनका कारण समस्या हुने । (योजना शाखा प्रमुख) | |
| ११ | यस वर्ष नारी दिवस किन मनाइएन ? महिला लक्षित कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुनुपर्ने | लक्षित वर्गका लागि बजेट विनियोजन भएको छ । लक्षित वर्गका समूहहरूलाई कार्यक्रम तय गरेर सञ्चालन गर्न आग्रह (वडाध्यक्ष) | |
| १२ | मानव पहुँचयुक्त भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने, वडाध्यक्षको कार्यकक्ष पहिलो तलामा हुनुपर्ने । पालिकाको कार्यालयमा गेट देखि कार्यालयसम्म सहज रूपमा पुग्न ट्याक्टाइल ( अपाङ्गमैत्री मार्ग संकेत टायल) राख्नुपर्ने । | अपांगतामैत्री संरचना निर्माणमा पालिकाले ध्यान दिइरहेको, वडा कार्यालय भवनमा कोठाहरू अभावका कारण वडाध्यक्षको कार्यकक्ष माथिल्लो तलामा राख्नुपर्ने बाध्यता रहेको यद्यपी अपांगता भएकाहरूका व्यक्तिलाई सेवा दिनुपरेमा तलको कोठामै झरेर भए पनि सेवा दिने प्रतिबद्धता । ट्याक्टाइल अलि महंगो हुने बुझिएको तर पालिकामा राख्नका लागि पहल गरिने । (प्रप्रअ र वडाध्यक्ष) | वडा नं २ |
| १३ | ख वर्गका अपांगता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमा गरिएकोमा प्रदेशले कार्यक्रम हटाएपछि समस्या भएकाले पालिकाले ध्यान दिनुपर्ने । सूचना जानकारीहरू फेसबुक तथा वेवसाइटमा राख्दा स्क्यान मात्र नराख्न, दृश्टीविहिनहरूको पहुँचका लागि टेक्स्ट पनि राख्न पर्यो । | पालिकाले ५० प्रतिशत रकम व्यहोरेर अपांगता भएकाहरूको निःशुल्क स्वास्थय बीमा गरिदिएकोमा प्रदेशले कार्यक्रम हटाउँदा समस्या भएकाले यस सन्दर्भमा आवश्यक छलफल र पहल गरिने । सूचना प्रविधि अधिकृतसंग समन्वय गरेर अपांगता भएकाहरूको पहुँचमा पुग्नेगरी सूचना प्रवाह गरिने । प्र.प्र.अ. | |
| १४ | अपांगता भएकाहरूको वास्तविक तथ्यांक हुनुपर्ने, उनीहरूलाई स्वरोजगारको व्यवस्था हुनुपर्ने | अपांगता भएकोहरूको तथ्यांक सहित उहाँहरूले कती र के सेवा लिए भन्ने बारे स्थानीय सरकारलाई जानकारी हुन आवश्यक रहेको र यस सुझावलाई ग्रहण गरिने, सुधार गरिने । प्रप्रअ | |

| | | | |
|---|---|---|---|
| १५ | मुख्य सडक लान्ती लेखपोखरा दहखोला भ्याम सडक तथा अन्य वडाका भित्री सडकहरू जीर्ण भएकाले स्तरोन्नती र नियमित मर्मतसम्भार हुनुपर्ने । | पालिकाकै मुख्य सडक लान्ती लेखपोखरा दहखोला भ्याम सडकको स्तरबृद्धिका लागि प्रदेश सरकारबाट विगत देखि काम भैरहेको र यस वर्ष पनि काम गर्नका लागि बजेट विनियोजन भएकाले कार्यान्वयनका लागि पहल भैरहेको । अन्य सडकहरूको मर्मतसम्भार नियमित रूपमा भैरहेको । गापा अध्यक्ष | |
| १६ | ज्यामीरे लिफ्ट खानेपानी वर्षौं वितिसक्दा पनि पूर्णता पाउन नसकेको | काम निरन्तर भैरहेको र अबको केही समयमा उपभोक्ताको धारामा पानी आउनेगरी काम भैरहेको । पनेरा, कोट, रावतगाउँ, रानागाउँ लिफ्ट खानेपानीको धारा व्यवस्थित गरी असारसम्म घरघरमा पानीको प्रवन्ध मिलाइने । (गापा अध्यक्ष, इन्जिनियर) | |
| १७ | शैक्षिक गुणस्तर किन सुधार हुन सकेन ? विद्यार्थीको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने, एक विद्यालय, एक विद्यालय नर्स व्यवस्था हुनुपर्ने । जानकी मावि दोहलीमा पुराना भवन भत्कीएर फिल्ड समस्या भएको । | शैक्षिक सुधारका लागि अनुगमन देखि लगानी बढाउदै लगिएको । शिक्षा क्षेत्रमा काम गर्ने विभिन्न निकायसंगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको, विद्यार्थी संख्याको आधारमा विद्यालय मर्जको तयारी थालिएको । शिक्षा क्षेत्रमा नै ठूलो रकम लगानी भैरहेको सन्दर्भमा आर्थिक अभावकै कारण विद्यालय नर्सको व्यवस्था गर्न नसकिएको, यद्यपी पहल थालिने । जानकी माविको फिल्डमा भवन भत्कीँदाका सामग्री तुरून्तै हटाइने । (गापा अध्यक्ष, प्रप्रअ र वडाध्यक्ष) | वडा नं ३ |
| १८ | नारी दिवस यस वर्ष नमनाईकोमा गुनासो र महिला स्वास्थ्य स्वयमसेवीकाहरूलाई प्रोत्साहनका कार्यक्रम ल्याउन माग गरिएको | प्रतिनिधीसभा निर्वाचनका कारण नारी दिवस मनाउन नसकिएको तर लक्षीत वर्गका लागि बजेट ३ लाख रूपियाँ व्यवस्थापन भएकाले फलदायी कार्यक्रम सञ्चालन गरिने । मानवीय विकासका कार्यक्रम पनि सञ्चालन गरिने । (वडाध्यक्ष) | |
| १९ | वडा कार्यालय भवन छिटो निर्माण सम्पन्न हुनुपर्ने, फलफुल खेति प्रवर्द्धनका लागि अनुदानको व्यवस्था हुनुपर्ने । | वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्तीको प्रक्रियामा केही ढिलाइका कारण फागुन १५ मा ठेक्का प्रक्रियामार्फत सम्झौता भएको र निर्माण कम्पनीले कामलाई तिब्रता नदिएमा वा काम नगरेर कार्यालयले नियमानुसार गर्ने ।<br>प्रस्ताव आह्वान गरेर अनुदानका कार्यक्रममा सहभागि बन्न सूचीत गरिएकाले त्यसमा सहभागि बन्न आग्रह गर्दै व्यवसायीक खेतीका | वडा नं ४ |

| | | | |
|---|---|---|---|
| | | लागि अनुदानका कार्यक्रमलाई विस्तार गर्दै लगिने । (प्रप्रअ र इन्जिनियर) | |
| २० | सार्वजनिक सुनुवाई किन र के का लागि गरिएको ? यो कहिले कहिले गर्नुपर्छ ? | नागरिक र गाउँपालिका बीचको अन्तरक्रियालाई सशक्त बनाउँदै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र समावेशीतालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ कार्यक्रम गरिएको । सार्वजनिक सुनुवाइ हरेक चौमासिकपछि गर्नुपर्ने व्यवस्था रहेको बताउँदै यस्तो कार्यक्रम सुशासन प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाउने तथा नागरिकका गुनासा, सुझाव र प्रतिक्रिया प्रत्यक्ष रूपमा सुन्ने महत्वपूर्ण माध्यम भएको । प्रप्रअ | |
| २१ | वडास्तरीय खेलकुद किन सञ्चालन भएन ? | ४ नं वडा भौगोलिक हिसाबले नमिलेको वडा रहेको, त्यसका कारण खेलकुद कार्यक्रम आयोजना गर्ने स्थलमा नै स्थानीय युवाहरूबीच सहमति हुन नसकिरहेको सन्दर्भमा खेलकुद कार्यक्रमको बजेट गाउँसभाबाट संशोधन गरेर अन्य विकास योजनामा राखिएको । (वडाध्यक्ष) | |
| २२ | रातो कितावमा उल्लेख नभएका विकास योजना कहाँबाट सञ्चालन भएका हुन् ? | बजेट अधिवेशनबाट पारित भएका कतिपय योजना तथा कार्यक्रमहरू कार्यान्वयन हुन नसक्ने भएपछि हिउँदे गाउँसभाबाट संशोधन गरेर नयाँ योजना बनेको कारण वजेट अधिवेशनलगत्तै प्रकाशित हुने रातो कितावमा त्यस्ता योजनाको नाम नदेखिएको । विशेष गरेर गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि विनियोजन गरिएको बजेट एक करोड ५० लाखबाट जग्गा सम्बन्धी प्रक्रिया मिल्न नसकेपछि भवन बन्न सक्ने अवस्था नबनेकाले उक्त बजेज गाउँसभाबाट संशोधन गरेर विभिन्न वडाहरूमा नयाँ योजनामा रकम राखिएको । (गापा अध्यक्ष) | |
| २३ | सेवाग्राहीलाई वडा कार्यालयमा निवेदनको ढाँचा हुनुपर्यो | सबै प्रकारका नमुना निवेदनको प्रवन्ध गरेर सेवाग्राहीलाई सहज बनाइने । सबै वडाका यो व्यवस्था गरिने प्रतिबद्धता (प्रप्रअ) | |
| २४ | प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा इसीजी मेसिन सञ्चालन नहुँदा सेवा लिन असहज भएको | मेसिन सञ्चालन र भरपर्दो सेवा प्रवाहका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने प्रतिबद्धता । नियमित र गुणस्तरीय सेवा प्रवाहका लागि प्रयास भैरहेको, हालका जनप्रतिनिधीको कार्यकालमा तीनजना डाक्टर ल्याइसकिएको, | |

| | | | |
|---|---|---|---|
| | | वडा अधयक्ष काठमाण्डौसम्म पनि डाक्टर खोजीका लागि गएको ।<br>(उपाध्यक्ष, प्रप्रअ र वडाध्यक्ष) | |
| २५ | विद्यालयमा मौरी पालन गर्न पाइने की नपाइने? यसमा गाउँपालिकाबाट सहयोग मिल्ने की नमिल्ने ? | हाललाई व्यवसायीक बन्न चाहने कृषि समूह, कृषकलाई मौरी पालनका लागि सहयोग गरिएको र विद्यालयमा पनि यस्ता कार्यक्रम आगामी दिनमा सञ्चालन गर्न सकिने । प्रप्रअ | |
| २६ | सामुदायी विद्यालयमा दोहोरो लेखा प्रणाली लागू गरिदिनुपर्यो | विद्यालयमा लेखा प्रणाली परम्परागत रहेको, प्रविधिमा आधारीत दोहोरो लेखा प्रणालीका लागि जनशक्ति व्यवस्थापन हुनुपर्ने हुँदा हालसम्म लागू गर्न नसकिएको । आगामी वर्षमा विद्यालयमा लेखा सम्बन्धी तालिम एवं माविसम्म सफ्टवेर जडानका लागि प्रयास गरिने प्रतिबद्धता । (लेखा अधिकृत) | वडा नं ५ |
| २७ | विद्यालय तारबार, रंगरोगन लगाएतका योजना माग, सौचालय जीर्ण, अपांगतामैत्री संरचना निर्माण माग | वस्तीस्तरका योजना छनौटमा सहभागि भएर वडा मार्फत पठाउन आग्रह ।<br>पालिकाका सबै विद्यालयमा एउटै रंग लगाउने नीति रहेको तर श्रोत अभावले माग भएका विद्यालयमा रंगरोगन लगाउने काम भएको, नयाँ भवनमा रंगरोगन भएको, पुराना विद्यालयलाई पनि आगामी बजेटमा सम्बोधन गरिने<br>(गापा उपाध्यक्ष र प्रप्रअ) | |
| २८ | लेखपोखरा वृहत खानेपानी योजनाको पानी अपुग भएकाले पानीको क्षमता बढाउन पालिकाबाट बजेट विनियोजन हुनुपर्ने, हालसम्म सहयोग नभएको । वडाबाट पशु, कृषि लगाएतको प्राविधिक सेवा सञ्चालन हुनुपर्ने | खानेपानी समिति पनि संस्था भएकाले थप योजना सुदृद्धिकरणका लागि पालिका र संस्थाको साझेदारीमा लिफ्ट प्रणाली समेत जडान गर्न सकिने । प्रप्रअ<br>वडामा दरबन्दी नभएका कारण र पालिकाले फेरी कर्मचारी भर्ना गर्नुपर्ने भएकाले समस्या भैरहेको । यद्यपी हालको जनशक्तिलाई अधिकतम उपयोग गरिने ।<br>(गापा अध्यक्ष) | |
| २९ | सार्वजनिक सुनुवाईमा अपेक्षा अनुसार सेवाग्राही वा सर्वसाधारणको उपस्थित न्युन भएकाले सूचना प्रवाहमा ध्यान दिनुपर्ने | पछिल्लो समय यस्ता कार्यक्रममा मानिसहरू कम उपस्थित हुने चलन बढ्दै गएको, चासो कम हुनेगरेको, बरू सामाजिक सञ्चाल वा अन्यत्र गुनासो गर्नेगरेको र बैठक कार्यक्रमहरू आमा वा महिला समूहहरूको मात्रै प्रतिनिधीत्व हुने अवस्था आएकाले सबैले चासो दिनुपर्ने, एकले अर्कोलाई खबर गर्नुपर्ने । पालिकाबाट, सञ्चार माधयमबाट, वडा कार्यालयबाट, | |

| | | | |
|---|---|---|---|
| | | जनप्रतिनिधीबाट र फोन मार्फत समेत कार्यक्रमबारे जानकारी गराइएको । (गापा उपाध्यक्ष र वडाध्यक्ष) | |
| ३० | सडकहरू मर्मतसम्भार गर्नुपर्ने | मर्मतसम्भारका लागि पालिकामा रहेका डोजरहरू हरेक वडामा २०० घण्टा लगाउने निर्णय भएको र त्यस अनुसार वडा कार्यालयहरूले काम गरिरहेको । यद्यपी इन्धनको मुल्य बृद्धिले समस्या भैरहेको । (गापा उपाध्यक्ष) | |
| ३१ | लेखनाचौर देखि महानेटा जोड्ने मोटरबाटो सम्पन्न कहिले हुन्छ ? | लेखनाचौर देखि महानेटा जोड्ने मोटरबाटो दुबैतर्फ खनिएको तर विचमा कडा चट्टानका कारण १०० मिटर मात्र बाँकी रहेकाले यसको निर्माणका लागि पालिकामा पहल थालिएको । (वडाध्यक्ष) | |
| ३२ | मानसिक स्वास्थ्य सेवाको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने | मानसिक स्वास्थ्य समस्या समाधानका लागि र परामर्शका लागि वस्तीस्तरमा कार्यक्रम सञ्चालन गरिने र आवश्यक बजेट व्यवस्था भएको । (वडाध्यक्ष) | वडा नं ६ |
| ३३ | लान्ती तुसारे मोटरबाटोको उकालो ठाउँमा रानागाउँ क्षेत्रमाथी पक्की स्ल्याब नहुँदा गाडी आवतजावतमा समस्या | दिर्घकालीन समस्या समाधानका लागि मोड सुधार तथा उकालो स्थानमा मिलाउनका लागि तथा वर्षायाममा पनि कम्तीमा एम्बुलेन्स चल्न सक्नेगरी स्तरबृद्धिको पहल थालिएको र यसका लागि १२ लाख रूपियाँ बजेट कार्यान्वयन हुन लागेको । (वडाध्यक्ष) | |
| ३४ | विभिन्न स्थानमा विद्युत पोल अभाव एवं जीर्ण पोल बदल्नका लागि पहल गर्नुपर्ने | विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय भैरहेको । काठको पोल विस्तापनका लागि पनि कर्णाली विद्युत परियोजनाको काम छत्रेश्वरीमा सुरू हुने भएकाले छिटो काम गर्नका लागि समन्वयको काम भैरहेको । (गापा अध्यक्ष, वडाध्यक्ष) | |
| ३५ | तालिम लगाएतका कार्यक्रमबारे सबैलाई थाहा दिनुपर्ने । बीउबीजन वितरणबारे पनि जानकारी गराउनुपर्ने | यस्ता तालिम र कार्यक्रमका लागि जनप्रतिनिधी, टोलस्तरका विभिन्न समूहहरूलाई खबर गर्नेगरिएको र आगामी दिनमा सूचना सम्प्रेशनको कार्यलाई अझै प्रभावकारी बनाइने । बेला बखतमा वडा कार्यालयमा आएर बुझ्न पनि आग्रह । भोटेचौरमा गाउँपालिकाको कृषि शाखा रहेका कारणले जजिक भएका कारण त्यहीँबाट नै वीउवीजन वितरण हुनेगरेको । तर | |

| | | | |
|---|---|---|---|
| | | नजिकैका कृषकले पनि थाहा छैन भन्ने गरेकाले स्वयमले पनि चासो राख्नुपर्ने। (वडाध्यक्ष) | |
| ३६ | प्रेसरको औषधी उपलब्ध नभएको, विद्यालयमा प्राथमिक उपचारका औषधी उपलब्ध नभएको | प्रेसरको औषधी नियमित आउनुपर्ने भएता पनि प्रदेशबाट ढिला आउँदा समस्या भएको । हाल यो औषधी उपलब्ध छ । विद्यालयले माग फाराम लिएर आएमा उपलब्ध औषधी प्रदान गरिने । (स्वास्थ्य संस्था प्रमुख) | |
| ३७ | वडामा कति र के के योजना छन्, जानकारी हुनुपर्यो । पन्नेताल लिफ्ट खानेपानी योजना छिटो सम्पन्न गर्नुपर्ने । सबै घरा धारा हुनुपर्ने | चालु आवमा वडा नं ७ मा २४ योजना सञ्चालनमा, ११ को भुक्तानी भैसकेको अरू सम्पन्न हुने चरणमा छन् । तीन योजनाको सम्झौता नै नभएको ।<br>पन्नेताल लिफ्ट खानेपानी योजना ढिलो गरी सम्पन्न भएको, अब नयाँ एक घर एक धारा योजनाका लागि १४ लाख अपुग भएपछि हिउदे अधिवेशनबाट थप गरेर २६ लाख विनियोजन भएकाले अगाडी नै कार्यान्वयन हुन नसकेको तर अहिले काम भैरहेको । विगतमा सामुदायीक धारा वा तीन चार घरका लागि एउटा धारा भएपनि हुने भनेर उपभोक्ताले सहमती जनाएको तर अहिले घरघरमा धारा माग भएकाले बजेट र स्टमेट अनुसार मात्र काम हुने ।(इन्जिनियर) | वडा नं ७ |
| ३८ | विद्यालयमा इहाजिरीको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, | पालिकामा इहाजीरीको आधारमा तलव भुक्तानी हुन्छ, हाजीर नभएको तलव काटिन्छ । विद्यालयमा इहाजीरी बिग्रने समस्या निकै देखिएको छ । आइटी इन्जिनियरबाट मर्मतसम्भार भैरहेको छ । मर्मत र नयाँ जडानका लागि बजेट पनि व्यवस्थापन भएको छ । (वरिष्ठ लेखा अधिकृत) | |
| ३९ | महिला समूहहरूलाई मौलिक बाजा तथा बाजा बजाउने तालिम सञ्चालन गर्नुपर्यो | समूह मार्फतबाट माग भएर वस्तीस्तरबाट आएमा बजेट विनियोजन गरिने प्रतिबद्धता । महिलाहरूका लागि लक्षीत कार्यक्रम निरन्तर चलिरहेको । (वडा अध्यक्ष) | |
| ४० | वडामा एम्बुलेनस सेवाको माग | पुराना एम्बुलेन्स छन्, मर्मत गर्दा एक दुई महिनामै बिग्रने समस्या छ । एउटा अझै मर्मतका लागि नेपालगञ्जमा छ । नयाँ खरिद गर्न सकिने अवस्था छैन । पुरानैलाई उपयोग गर्नुपर्ने स्थिती छ । (गापा अध्यक्ष) | |

| | | | |
|---|---|---|---|
| ४१ | गाउँघर क्लिनिकको घेरबार हुनुपर्ने | वडामा नै बजेट सिलिंग पठाइने भएकाले वडामा माग गर्नुपर्ने र वडाबाट सम्भव नदेखिएमा पालिकाबाट पनि पहल गरिने छ । (गापा अध्यक्ष) | |
| ४२ | सिंचाइ योजनाहरू सञ्चालन गर्नुपर्ने | कर्णाली प्रदेशमा सिंचाइ योजनाका लागि सिफारिस गरिएको, प्रदेश मन्त्री, सांसदहरूसंग समन्वय भैरहेको र आफै पनि प्रदेश समन्वय परिषद्को सदस्य भएकाले वडा नं ७का विभिन्न सिंचाइ योजना समेट्न सूचीमा राखिएको । (गापा अध्यक्ष) | |
| ४३ | वर्थिंग सेन्टर सञ्चालन हुनुपर्ने | २४ घण्टा सेवा दिनुपर्ने भएकाले जनशक्ति व्यवस्थापनमा चुनौती रहेको तर सुरूवात गरिने प्रतिबद्धता । (गापा अध्यक्षर वडाध्यक्ष) | |
| ४४ | वडा शिक्षा समिति निष्क्रीय रहेको | शिक्षा समिति रहेको भएपनि नियमित बैठक बस्न नसकेको स्वीकार । यसलाई सक्रिय बनाएर शैक्षिक सुधारका लागि काम गरिने प्रतिबद्धता । वडाका सबै विद्यालयका विभिन्न कुरामा एकरूपता ल्याइने, अनुगमनको पाटोलाइ पनि बढाइने (वडाध्यक्ष) | |

## ७. मुख्य उपलब्धिहरू:

छत्रेश्वरी गाउँपालिकालाई दीगो विकास, सुशासन प्रवर्द्धन वा सुशासन मैत्री गाउँपालिका निर्माण गर्न यस सार्वजनिक सुनुवाई एउटा महत्वपुर्ण उपलव्धीको रूपमा रहेको छ । जसका उपलब्धिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

क) गाउँपालिकाको सेवा प्रवाह, योजना तथा कार्यक्रमबारे नागरिकलाई प्रत्यक्ष जानकारी प्राप्त भएको

ख) नागरिक र स्थानीय सरकारबीच प्रत्यक्ष संवाद स्थापना भई दूरी घटेको

ग) सेवा प्रवाहप्रति नागरिकको विश्वास र भरोसा बढेको

घ) नागरिकका गुनासा, समस्या तथा सुझावहरु प्रत्यक्ष रुपमा संकलन भएको

ङ) विकास निर्माण कार्यप्रति पारदर्शिता र जवाफदेहिता वृद्धि भएको

च) सेवा प्रवाहमा देखिएका कमजोरीहरुको पहिचान भएको

छ) आगामी योजना सुधारका लागि महत्वपूर्ण सुझावहरु प्राप्त भएको

ज) सामाजिक उत्तरदायित्व र नागरिक सहभागिता सुदृढ भएको

झ) स्थानिय तहका नागरिक र कर्मचारि बिचमा एकै ठाउमा रहेर समस्या पहिचान गर्न सजिलो भएको

## ८. कार्यक्रमका सबल पक्षहरू:

क) गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, कार्यपालिका सदस्य लगायत अन्य जनप्रतिनिधी, विषयगत शाखा प्रमुखहरू तथा अन्य पालिका मातहतका कर्मचारीहरूको सहभागितामा कार्यक्रम संचालन गरिएको ।

ख) हाल सम्मको गाउँपालिकाको प्रगति समिक्षा र भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।

ग) नागरिकहरूले गरेका प्रश्नहरूको जवाफदेही वक्ताहरूबाट चित्त बुझ्दो जबाफ दिईएको ।

घ) स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।

ङ) जनप्रतिनिधिहरूसँग र विषयगत शाखाका जवाफदेही वक्ताहरूसंग सर्वसाधारण नागरिकहरूले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

च) नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चार माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।

छ) बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

## ९. सुधार गर्नुपर्ने पक्षहरू:

क) समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा अझ बढी ध्यान दिनु पर्ने ।

ख) सबै विषयगत शाखा प्रमुखहरूलाइ सहभागी गराउनु पर्ने ।

ग) पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।

## १०. समस्या तथा चुनौतीहरू:

क) पालिकाका सबै जनप्रतिनिधी तथा विषयगत शाखा प्रमुखहरू सबै उपस्थित हुन नसकेको

ख) मौसम (असिना, पानी, हावाहुरी) का कारण र गाउँ वस्तीमा विवाह, पुजा जस्ता सामाजिक कार्यले गर्दा बढी भन्दा बढी सहभागि उपस्थित हुन नसकेको

ग) सहभागीता बृद्धिको लागि सामुदायीक संस्थाहरू तथा सबै सरोकारवालाहरूलाई पत्रचार गर्न नसकिएको, सार्वजनिक सुचनालाई मात्रै मुख्य आधार बनाइएको ।

ग) कार्यक्रम लामो अवधि सञ्चालन हुदाँ अन्तिम समय तर्फ सहभागी संख्या क्रमश कम हुदै गएको ।

## ११. निष्कर्ष:

छत्रेश्वरी गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहको थियो ।

कार्यक्रममा सहभागिहरूले विभिन्न विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरूको उल्लेख्य सहभागीता थियो । नियमित रूपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

गाउँपालिकामा सुशासन, पारदर्शिता, नागरिक सहभागिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी र आवश्यक माध्यम भएको महसुस गरिएको छ । सातवटै वडामा सम्पन्न यस कार्यक्रमले नागरिक र स्थानीय सरकारबीच प्रत्यक्ष संवाद स्थापना गर्नुका साथै सेवा प्रवाहप्रति जनविश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस कार्यक्रमले आगामी दिनमा नीति निर्माण, योजना कार्यान्वयन तथा सेवा प्रवाह सुधारका लागि महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# मिडिया कभरेज तथा सामाजिक सञ्जाल

**छत्रेश्वरी गाउँपालिका**
4 May at 20:49 ·

छत्रेश्वरी गाउँपालिका वडा नं, १ दमाचौरमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ ।
छत्रेश्वरी गाउँपालिका, १ नं वडा कार्यालय तथा पालिका मातहतका विभिन्न सेवा प्रदायक कार्यालयबाट... See more




86 9 2

**छत्रेश्वरी गाउँपालिका**
28 April at 20:29 ·

छत्रेश्वरी गाउँपालिका वडा नं. ४ जयचौर सोमबार २०८३ वैशाख १४ गते र वडा नं. ३ मुलखोलामा मंगलबार (आज) सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएका छन् । नागरिक र गाउँपालिकाबीच... See more




60 6 1


गोरखापत्र
gorkhapatraonline.com | कर्णाली | २०८३ साल वैशाख २८ गते सोमबार
2026 May 11 Monday
११


## सार्वजनिक सुनुवाइ : विकास र सेवामाथि बहस

**शारदा समाचारदाता**
*शारदा (सल्यान), वैशाख २७ गते*

सल्यान छत्रेश्वरी गाउँपालिकाका नागरिकले सेवा प्रवाहदेखि विकास निर्माणसम्मका विषयमा गुनासो, प्रश्न र सुझाव दिएका छन्। गाउँपालिकाले सात वटै वडामा सञ्चालन गरेको सार्वजनिक सुनुवाइमा नागरिकहरूले गाउँपालिकाका मुख्य तथा ग्रामीण सडक स्तरोन्नति, खानेपानी व्यवस्थापन, अस्पताल भवन निर्माण कार्यलाई तीव्रता दिन माग गरेका थिए।

यस्तै स्वास्थ्य सेवा सुधार, कृषि तथा पशु ...वा विस्तार, कृषि अनुदानको प्रभावकारी ...प, लक्षित वर्गका कार्यक्रमलाई परिणाममुखी ... तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने विषयमा समेत सहभागीले सवाल उठाएका थिए।

सेवाग्राही तथा सरोकारवालाको प्रश्न प्रत्यक्ष सुन्न तथा जवाफदेहिता बढाउन गाउँपालिकाले सबै वडामा सार्वजनिक सुनुवाइ गरेको हो। सेवा सुधार र सुशासनका लागि लोकतान्त्रिक अभ्यासका रूपमा कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिका, वडा कार्यालय तथा पालिका मातहतका विभिन्न कार्यालयबाट प्रवाह भइरहेका सेवा, सञ्चालनमा रहेका विकास निर्माणका काम तथा योजनाबारे जानकारी गराउँदै नागरिकका गुनासा र सुझाव सङ्कलन गर्न सार्वजनिक सुनुवाइ गरिएको हो।

पछिल्लो चरणमा वडा नं ५ को गरिपारेमा बुधबार, वडा नं ६ को लान्तीमा बिहीबार र वडा नं ७ को राङ्सीमा शुक्रबार कार्यक्रम सम्पन्न भएसँगै सात वटै वडामा सार्वजनिक सुनुवाइ सकिएको हो। स्थानीयले स्वास्थ्य संस्था, वडा कार्यालय तथा गाउँपालिकाबाट प्रवाह हुने सेवा थप सहज, पारदर्शी र नागरिकमैत्री बनाउन सुझाव दिएका छन्। सुनुवाइमा उठाइएका गुनासा तथा जिज्ञासाको सम्बन्धित शाखा प्रमुख तथा जनप्रतिनिधिले प्रत्यक्ष जवाफ दिएका थिए।

छत्रेश्वरी गाउँपालिका अध्यक्ष ओजबहादुर बुढाथोकी, उपाध्यक्ष बुद्धकुमारी खत्री, प्रमुख प्रशासकीय अधिकृत दीपक बुढाथोकी, सम्बन्धित वडाका वडाध्यक्ष, विभिन्न शाखाका प्रमुख, वडा सचिव तथा स्वास्थ्य संस्थाका प्रमुखले सेवा प्रवाह र विकास निर्माण कार्यको प्रगतिबारे अवगत गराउँदै सहभागीको प्रश्नको जवाफ दिनुभएको थियो।


गोरखापत्र
gorkhapatraonline.com | विविध


## गुनासोभन्दा सुझाव धेरै

**शारदा समाचारदाता**
*शारदा (सल्यान), वैशाख १६ गते*

सल्यानका नागरिकले लामो समयदेखि अधुरा रहेका विकास योजना समयमै सम्पन्न गर्न तथा कृषिमा अनुदान वृद्धि गर्न स्थानीय सरकारसँग माग गरेका छन्। छत्रेश्वरी गाउँपालिकाले सञ्चालन गरेको वडास्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीले विकास निर्माण, खानेपानी, शिक्षा, महिला सशक्तीकरण र युवालक्षित कार्यक्रमबारे विभिन्न प्रश्न, गुनासा र सुझाव प्रस्तुत गरेका हुन्।

चालु आर्थिक वर्ष २०८२/८३ मा भएका कामको प्रगति, प्रभावकारिता र सेवा प्रवाहबारे नागरिकको प्रतिक्रिया सङ्कलन गर्ने उद्देश्यले गाउँपालिकाले वडास्तरमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसै क्रममा सोमबार वडा नं ४, जयचौर र मङ्गलबार वडा नं ३, मूलखोलामा कार्यक्रम सम्पन्न भएको हो।

स्थानीय नागरिकले प्रशासकीय भवन निर्माण सुस्त गतिमा भइरहेको भन्दै समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्न ठेकेदारलाई सक्रिय बनाउन माग गरेका छन्। त्यस्तै वडा नं ३ मा लिफ्ट प्रणालीमा आधारित ज्यामिरे खानेपानी योजनाबाट अझै उपभोक्ताको घरमा पानी नपुगेको भन्दै शीघ्र सञ्चालनमा ल्याउन आग्रह गरिएको छ।

**छत्रेश्वरी गाउँपालिका**
9 May at 09:10 ·

छत्रेश्वरी गाउँपालिकाको वडा नं ५, ६ र ७ मा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिका, वडा कार्यालय तथा पालिका मातहतका कार्यालयहरुबाट प्रवाह भइरहेका सेवा, ... See more



**छत्रेश्वरी गाउँपालिका**
5 May at 19:31 ·

छत्रेश्वरी गाउँपालिका वडा नं. २ मा आज सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिका, वडा कार्यालय तथा पालिका मातहतका कार्यालयहरुबाट प्रवाह भइरहेका सेवा, सञ्चा... See more




123 19 1


वडा नं ४ को सार्वजनिक सुनुवाइ
सार्वजनिक सुनुवाई


सार्वजनिक सुनुवाई


सार्वजनिक सुनुवाई




वडा नं ४ को सार्वजनिक सुनुवाइ
सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई
तथ्यमा आधारित प्रश्न राखौं
सभ्य र मर्यादित व्यवहार गरौं
व्यक्तिगत आरोप प्रत्यारोप नगरौं
जनगुनासो सुनी समाधानमा प्रतिबद्ध बनौं


वडा नं ३ को सार्वजनिक सुनुवाइ








सार्वजनिक सुनुवाई


वडा नं ३ को सार्वजनिक सुनुवाइ
सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई




वडा नं १ को सार्वजनिक सुनुवाइ









## वडा नं १ को सार्वजनिक सुनुवाइ







छत्रेश्वरी गाउँपालिका
२ नं. वडा कार्यालय
दहखोला, सल्यान
सार्वजनिक सुनुवाई




सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई
तथ्यमा आधारित प्रश्न राखौं
सभ्य र मर्यादित व्यवहार गरौं
व्यक्तिगत आरोप प्रत्यारोप नगरौं
स्पष्ट, सत्य र तथ्यमा आधारित जवाफ दिऔं
जनगुनासो सुनी समाधानमा प्रतिबद्ध बनौं




वडा नं २ को सार्वजनिक सुनुवाइ







वडा नं ५ को सार्वजनिक सुनुवाइ






वडा नं ५ को सार्वजनिक सुनुवाइ
सार्वजनिक सुनुवाई
सहिद प्रति सम्मान गर्दछौं !






वडा नं ६ को सार्वजनिक सुनुवाइ






वडा नं ६ को सार्वजनिक सुनुवाइ
सार्वजनिक सुनुवाई


वडा नं ७ को
सार्वजनिक सुनुवाइ
सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई








सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि
सार्वजनिक सुनुवाई


वडा नं ७ को सार्वजनिक सुनुवाइ


सार्वजनिक सुनुवाई







DSC_8187 DSC_8189 DSC_8198 DSC_8199

DSC_8207 DSC_8211 DSC_8216 DSC_8218



DSC_8157 DSC_8159 DSC_8161 DSC_8162

DSC_8164 DSC_8167 DSC_8168 DSC_8172

DSC_8174 DSC_8176 DSC_8178 DSC_8179

DSC_8914 DSC_8861 DSC_8866 DSC_8867



DSC_8868 DSC_8871 DSC_8882 DSC_8886

DSC_8889 DSC_8892 DSC_8895 DSC_8900

DSC_8902 DSC_8904 DSC_8910 DSC_8915



DSC_8395 DSC_8249 DSC_8250 DSC_8257 DSC_8262

DSC_8267 DSC_8269 DSC_8272 DSC_8275 DSC_8277

DSC_8279 DSC_8283 DSC_8285 DSC_8286 DSC_8288

DSC_8290 DSC_8292 DSC_8297 DSC_8302 DSC_8303

DSC_8450 DSC_8452 DSC_8454 DSC_8456 DSC_8457



DSC_8460 DSC_8468 DSC_8474 DSC_8482 DSC_8484

DSC_8487 DSC_8496 DSC_8502 DSC_8503 DSC_8509

DSC_8513 DSC_8516 DSC_8521 DSC_8523 DSC_8532

सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि आज मिति २०८१।०७।१५ गतेका दिन छत्रेश्वरी गाउँपालिका वडा नं. ३ को मूलखोलामा लेकाली अनलाइन पत्रिकाको सहजीकरण एवं समन्वयमा सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ३ का वडा अध्यक्ष श्री तिर्थराज दाहालको अध्यक्षता तथा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति

श्री तिर्थराज दाहाल - वडाध्यक्ष / सभाध्यक्ष
श्री ओज बहादुर बुढाथोकी - गाउँपा अध्यक्ष
श्री बुद्ध कुमारी खत्री - गा.पा. उपाध्यक्ष
श्री दिपक बुढाथोकी - प्रमुख प्रशासकीय अधिकृत
श्री निम बहादुर बुढा - वडा सदस्य
श्री गोविन्दराज विष्ट - आर्थिक प्रशासन शाखा प्रमुख
श्री राजाराम रिजाल - इन्जिनियर - प्राविधिक शाखा प्रमुख
श्री देवराज डाँगी - वडा सचिव
श्री हरिश्वर कुमार पण्डीत - वडा प्राविधिक
श्री सेन प्रकाश बुढाथोकी - स्वास्थ्य संस्था प्रमुख
श्री राजेन्द्र पुन - इगरवती ३
श्री नर बहादुर खड्का -
श्री विश्वप्रेम दाहाल - अध्यक्ष - इगरवती सातपिठ
श्री ओम्बरबीर पुन -
श्री खड्ग शाही - उपाध्यक्ष जे.से. स. महादेव सल्यान
श्री शंकर के सी. पत्रकार - गोरखापत्र राष्ट्रिय द.
श्री खकेन्द्र के सी. कोषाध्यक्ष - नेपाल पत्रकार महासंघ
श्री लोक ब डाँगी
श्री रोबर सिंह खत्री
श्री भुमिका पुन
श्री कल्पना पुन
श्री विमला घर्ती
श्री हरिकला कँवर
श्री नमा पुन
श्री भुमा पुन
श्री हिमा बुढा
श्री यामकला वली
श्री मोहन खड्का

पूर्ण श्री पूर्ण बहादुर खत्री
श्री हेमराज दाहाल
श्री डम्बर डाँगी
श्री विश्वबन्धु दाहाल
श्री कमला के.सी. सामाजिक परिचालक
तारा श्री तारा प्रसाद वली
प्रमिला श्री प्रमिला खड्का - विद्यार्थी - जानकी मा.वि.
ज्योतिशा श्री ज्योतिशा वि.क. - " " "
निर्मला श्री निर्मला कुमारी वि.क.
श्री डा. रुकेश घिमिरे - पशु सेवा शाखा प्रमुख - गा.पा.
श्री नविन चन्द - जिन्सी शाखा
श्री भोला वली - चालक
श्री लाल ब. वली
श्री केशव पुन
प्रेम श्री प्रेम वली
ठाकुर वली
दिलिप वली
तिलक तिल ब. खत्री
विन प्रसाद डाँगी
ओम कुमारी दाहाल
निमा डाँगी
सुरज डाँगी
धन बहादुर पुन
शंकर गौतम
रविन ब. परियार
खेमराज खड्का
केशव परियार
मान ब. परियार
घनश्याम पुन मगर
टेक ब. बुढाथोकी
विरेन्द्र नेपाली
जनक ब. बोहरा अ.प्र.स.नि. प्रहरी चौकी
सुवरण बस्याल
केशव केशव कुमार के.सी.
भीला भोला प्रसाद वली

Dipak श्री दिपक दाहाल

श्री महेश कुंवाजोकी

सुरेश श्री सुरेश बली

सन्दीप सन्दिप बली

कमला कमला बली

प्रमिला प्रमिला खड्का

बल बल बहादुर कुंवाजोका-

धुमराज धुमराज के.सी.

बिमला बिमला खत्री

Tej तेज ब० खड्का

तुलसीराम तुलसि राम पुन

मालती मालति खत्री

छत्रेश्वरी गाउँपालिका वडा नं. १ को दमाचोरमा आज मिति २०८३।०१।२१ गतेका दिन गाउँपालिका, वडा कार्यालय तथा मातहतका कार्यालयहरुबाट प्रदान हुने सेवा प्रवाह, विकास निर्माण योजना तथा आम नागरिकको गुनासो, सुझाव सल्लाहका सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रम लेखाली अनलाइन प्रणालीको सहजीकरणमा, वडा नं. १ का वडा अध्यक्ष श्री प्रकाश हमालको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति

श्री प्रकाश हमाल - वडाध्यक्ष - सभाध्यक्ष
श्री ओज बहादुर बुढाथोकी - गा०पा० अध्यक्ष
श्री दिपक बुढाथोकी - प्रमुख प्रशासकीय अधिकृत
श्री गणेश रावल - आयुर्वेद शाखा प्रमुख
श्री रमानन्द केसी - प्र.अ. भवानी मा०वि०
श्री दिलिप कुमार शर्मा - सं०व.उ.प. अध्यक्ष छत्रेश्वरी
श्री सबिन बुढाथोकी - वडा प्राविधिक
श्री अमर ब. वली - शिक्षक
श्री सुशीला कुमारी के.सी. शिक्षक
श्री तुलाराम बस्नेत
श्री प्रविण बस्नेत
श्री खेमराज बुढाथोकी - योजना शाखा प्रमुख - गा०पा०
श्री पूर्ण बहादुर वड
श्री दुर्गा प्रसाद खत्री
श्री सुरेन्द्र चन्द - अध्यक्ष - खेलकुद विकास समिति
श्री अर्जुन वली
श्री रेवता चन्द
श्री मिना कुमारी मल्ल
श्री प्रतिभा वली
श्री निर्मला जोगी
श्री रुपा बुढाथोकी
श्री केशर बस्नेत
श्री फंगु चन्द
श्री टेकन बहादुर चन्द
श्री अंगेरद केसी

सूर्य बहादुर चन्द — शिक्षक (आनुमक मा.वि)

Rupa श्री रूपा वली

श्री गीता चन्द

श्री सृजना शाही

श्री मिना कुमारी चन्द शाही

मेनका के.सी

सुशिला बस्नेत

चित्रकला बस्नेत

कल्पना शाही चन्द

पवित्रा चन्द मल्ल

लक्ष्मण कुमार चन्द

गायत्री कुमारी वि.क

बिमला कुमारी वली (शिक्षक)

हरि अधिकारी

रुपक चन्द [illegible]

अर्जुन के.सी

क्षमा वली

तुलसी खड्का

निशा बस्नेत (उ.वि.-८)

देवी चन्द (शिक्षक)

दर्शना खड्का

रेखा घर्ति

प्रीता शाही

राज विक्रम शाही

रूप लाल शर्मा

भीम बहादुर वि.क.

खेमराज वली

आशा चन्द बुढा

लोकनाथ रवताल

डिल्ली ब. चन्द (शिक्षक)

ईश्वरी प्र. शर्मा ,,

तुलसी चन्द ,,

भरत जोसी ,,

राम ब. के.सी. (,,)

टंक ब. पुन (,,)

प्रियम बि.क.

डिल्ली राज शर्मा

मिलन खत्री

बालाराम वि.क.

भिम ब. वि.क.

खड्ग शाही — गौर सहकारी संस्था नेपाल सल्लाह उपाध्यक्ष

शंकर के.सी. — पत्रकार महासंघ सल्लाह सल्लाहकार

खगेन्द्र के.सी. — " " " कोषाध्यक्ष

ओख्या बली — चालक

आज मिति २०८२ वैशाख २२ गतेका दिन छत्रेश्वरी गाउँपालिका, २ नं वडा कार्यालय तथा पालिका मातहतका कार्यालयहरूबाट प्रदान गरिएका सेवा, सञ्चालन भएका योजना, कार्यक्रमका बारे जानकारी गराउन, नागरिकका गुनासो, सुझाव संकलन गरेर सुशासन तथा पारदर्शिता प्रवर्द्धनका लागी वडा नं २ को रानीपोखरीमा लेकाली अनलाइन प्रा.लि.को सहजीकरण तथा वडा नं २ का वडा अध्यक्ष श्री प्रेम बहादुर नेपालीको अध्यक्षता एवं तपशिल बमोजिमको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो।

उपस्थिति

श्री प्रेम बहादुर नेपाली - वडा अध्यक्ष - सभाध्यक्ष
श्री ओज बहादुर बुढाथोकी - गा.पा. अध्यक्ष
श्री दिपक बुढाथोकी - प्रमुख प्रशासकिय अधिकृत
श्री लाल बहादुर वली - वडा सदस्य
श्री इन्द्रा वली - " "
श्री सुशिला वि.क. - एवं कार्यपालिका सदस्य
श्री रामकरण चौधरी - वडा सचिव
श्री चुडामणी वस्नेत - इन्चार्ज - आ.स्वा.से.के.
श्री भुगोल के.सी. - वडा प्राविधिक
श्री बम ब केसी - पायीकरे आँगन हंच. अध्यक्ष
श्री विष्णु खत्री
श्री पवित्रा कुमारी बुढाथोकी
श्री ढाका राना
श्री कमान सिंह वि.क.
श्री हरि बहादुर सुनार
श्री उमेशचन्द - शिक्षक सरस्वती आ.वि.
श्री तेकमान घर्ती
दिपक वि.क.
नरेश सुनार
थेपु बर राना
हिमाल हिमालय राना
केशव बहादुर घर्ती
खड्ग शाही - उपाध्यक्ष ने.से.द. महादेव समिति
शंकर के.सी. - पत्रकार
खगेन्द्र के.सी. - पत्रकार

| | |
|---|---|
| [illegible] | श्री भोला प्रसाद वली - चालक |
| [illegible] | श्री रमेश खत्राइली |
| [illegible] | श्री खुम वहादुर वली |
| पेरसन | श्री पेरसन बि.क. |
| [illegible] | श्री चन्द्रकला चन्द |
| Siba | श्री शिवा चन्द |
| डम्बर | श्री डम्बर नेपाली |
| [illegible] | श्री राम ब. वली |
| भुपेन्द्र | श्री भुपेन्द्र वली |
| कुमारी | श्री कुमारी कवर |
| [illegible] | श्री राजेश्वरी चन्द |

आज मिति २०८३।०१।२३ गतेका दिन छत्रेश्वरी गाउँपालिका वडा नं. ५ गरिपारे लेखपोखरामा गाउँपालिका, वडा कार्यालय तथा पालिका मातहतका कार्यालयहरुबाट प्रवाह हुने सेवा तथा सञ्चालन गरेका योजना कार्यक्रमको सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रम छत्रेश्वरी गाउँपालिकाको आयोजना, लेकाली अनलाइन प्रा.लि.को समन्वय, सहजीकरणमा वडा नं. ५ का वडा अध्यक्ष श्री झोद बहादुर वडुनेतको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

<u>उपस्थिति</u>

श्री झोद बहादुर वडुनेत - सभाध्यक्ष - वडाध्यक्ष
श्री बुद्ध कुमारी खत्री - गा.पा. उपाध्यक्ष
श्री दिपक बुढाथोकी - प्रमुख प्रशासकीय अधिकृत
श्री तिला घर्ती - कार्यपालिका सदस्य
श्री टंक बहादुर वली - वडा सदस्य
श्री डुम बहादुर खत्री - " "
श्री तुलसा नेपाली - " "
श्री लिलाधर घर्ती - निवर्तमान वडाध्यक्ष - वडा नं. ५
श्री टिकाराम बुढा - वडाध्यक्ष - वडा नं. ६
श्री गोविन्दराज विष्ट - आर्थिक प्रशासन शाखा प्रमुख
श्री शिशिर रिजाल - इन्चार्ज - प्रा. स्वा. के. लेखपोखरा
श्री गोविन्द के.सी. - अध्यक्ष - लेखपोखरा बृहत खा.पा.यो.
श्री रोमहर्ष के.सी. - प्र.अ. महेन्द्र मा.वि.
श्री घनश्याम वली - प्र.अ. त्रि.ज. मा.वि.
श्री बालाराम वली - प्र.अ. कालिका आ.वि.
श्री धन बहादुर परियार - प्रबन्धक - सा.कि.कृ.स. लेखपोखरा
श्री डा. रुकेश घिमिरे - पशु सेवा शाखा प्रमुख
श्री कल्ला वडुनेत - गाउँ शिक्षा समिति सदस्य
श्री दिलिप कवर - वडा सचिव
श्री केशर के.सी. - वि.व्य.स. अध्यक्ष - महेन्द्र मा.वि.
श्री लोके ब. बुढा - प्र.अ.
श्री हकिला खत्री - प्र.अ.

श्री हर्ष भण्डारी - निर्णय कार्यालय

लक्ष्मी — श्री लक्ष्मी वि.क.

रेवती — श्री रेवती वि.क

खली — श्री खली वि.क

सपना — सपना रोका

ज्ञान केसी

मित्र बहादुर घर्ती

लाल बहादुर (ह्रु) मगर

पविता — पविता भण्डारी

जिबा — जिबा भण्डारी

शेर बहादुर बुढा

चन्द्रपाय वली

ललित — ललित के.सी

रुकमा — रुकमा भण्डारी

केवलराम वली

इन्द्र बहादुर अधिकारी

खड्ग शाही - उपाध्यक्ष - नेकपा (एमाले) तल्लाग

शंकर के.सी. - पत्रकार

खगेन्द्र के.सी. - (न.ह.अजन्ती)

संगीता — संगीता शर्मा - विद्यार्थी

अमृता — अमृता वि.क. - "

मित्र बहादुर घर्ती

डम्बर कार्की - दमियरी आपा ८ पोखरा हिमालय

सामाज सुधारक युवा कल्ब रुवल्पान

चन्द्र ब. — चन्द्र बहादुर रावती सामुदायिक पौयली

सामुदायिक वन उपयोग

निर्मला चार विक

भद्र — भद्र वि. रुक्मा

सुशासन, पारदर्शीता र जवाफदेहिता प्रवर्द्धनका लागि आज मिति २०८२ वैशाख २४ गतेका दिन छत्रेश्वरी गाउँपालिका वडा नं. ६ को तालिमा छत्रेश्वरी गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ६ का वडा अध्यक्ष श्री टिकाराम बुढाको अध्यक्षता एवं तपशिल बमोजिमको उपस्थितिमा र लेखाली अनलाइन प्रणालीको सहजीकरणमा सम्पन्न भयो।

उपस्थिति

श्री टिकाराम बुढा - वडाध्यक्ष - सभाध्यक्ष
श्री ओज बहादुर बुढाथोकी - अध्यक्ष - गा.पा.
श्री दिपक बुढाथोकी - प्रमुख प्रशासकीय अधिकृत
श्री खड्गनाथ योगी - वडा सदस्य
श्री मनका वस्नेत - " "
श्री सागर नेपाली - " "
श्री राजाराम रिजाल, इन्जिनियर
श्री मनोज भण्डारी, योजना शाखा प्रमुख
श्री संगीता के.सी. वडा सचिव
श्री प्रतिभा बुढाथोकी - इन्चार्ज दायाँङ्गे स्वा. चौ.
श्री रूपलाल वोहरा
श्री कृष्ण के. वोहरा
श्री रमेश कुमार योगी
श्री भिम ब. योगी
श्री पुष्पा योगी
श्री शारदा भण्डारी
श्री सृजना योगी
श्री चन्द्राकला शाही
श्री रक्षा भारती
श्री भुमिका योगी
श्री ललिता कु. वली राना
श्री रिवमा खड्का
श्री रूपा घर्ति
श्री सबिना गिरी
श्री जमुना योगी
श्री कमला डागी

कमली श्री कमली वि.क

श्री मुमा वि.क

गिता गिता गिरी

कृष्णा कृष्णा

श्री देवि नेपाली

Sunita श्री सुनिता गिरी

सुस्मा श्री सुस्मा नेपाली

पुस्पा पुष्पा योगी

भिमा भिमा योगी

खड्ग शाही

टंकर के.सी

खकेन्द्र के.सी

अमर बहादुर थापा, उजुरी प्रशा 19

जानु बुढाथोकी

टिका के.सी

भोला भोला वली - चालक

दिली दिली नेपाली

आज मिति २०८३/०७/२५ गतेका दिन छत्रेश्वरी गाउँपालिका वडा नं. ६ को राडसीमा गाउँपालिका, वडा कार्यालय तथा पालिका मातहतका कार्यालयहरुको सेवा प्रवाह बारे सार्वजनिक सुनुवाई कार्यक्रम लेकाली अनलाइन प्रालि० को सहजीकरणमा वडा नं. ६ का वडा अध्यक्ष श्री टेक ब० विष्टको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति

श्री टेक बहादुर विष्ट - वडाध्यक्ष - सभाध्यक्ष
श्री ओज बहादुर बुढथोकी - गा०पा० अध्यक्ष
श्री दिपक बुढाथोकी - प्र० प्र० अ०
श्री गोविन्दराज विष्ट
श्री वीर ब. वि.के. - कार्यपालिका सदस्य
खुमलाल श्री खुमलाल बुढाथोकी - वडा सदस्य
श्री चन्द्रा वि.के. - " "
श्री राजाराम रिजाल - प्राविधिक शाखा प्रमुख
श्री यमराज रावत - प्राविधिक वडा नं. ६
श्री कमल घर्ती - वडा सचिव
श्री वीर ब. वली - इन्चार्ज - आ. स्वा. के.
श्री कमल बलेरो - प्र.अ. नवदुर्गा आवि
श्री भूप ब रावत प्र.अ. शारदा आधारभूत वाडुगाड
श्री जाकिर अहमद मीया प्र.अ. - मदरसा इस्लामिक आवि
राजेश्वरी श्री राजेश्वरी राना
निर्मला श्री निर्मला रावत
जीती श्री जीती राना
इन्द्रा श्री इन्द्रा बुढाथोकी
प्रेमा श्री प्रेमा कुमारी बुढाथोकी
देवी श्री देवि वोहरा
शान्ती श्री शान्ति भण्डारी
श्री पार्वति विष्ट
श्री शान्तिमाया विष्ट
सिमा श्री सिमा महतरा
सपना श्री सपना महतरा
विमला श्री विमला गिरी
जीरुता श्री जीरुता महतारा

हैरम याम ब. रेउले

नारायण कुँवर थोकी

हुकुम कुमाथोकी

चुर्ण क. साही

विमला — विमला वोहरा

कमला — कमला वोहरा

कल्पना — वल ब. खड्का

अलिम — अलिम वेम्सकियाँ

सालिम बकस मियाँ

सुकलाल बोहोरा

मुमताज मियाँ

वल ब. खड्का

ओजबिल्ला — ओजबिल्ला

प्रेम राज खड्का

भोला प्रसाद वली

राकेश विष्ट

पि बहादुर विष्ट

कमला — कमला विष्ट

खड्ग शाही उपाध्यक्ष जौरठ. जि. सल्यान

शंकर के. सी. सल्लयाहडा, प्रवक्ता महासंघ सल्यान

खगेन्द्र के. सी. कोषाध्यक्ष " "

आज मिति २०८३ साल वैशाख १४ गतेका दिन छत्रेश्वरी गाउँपालिकाले आ.व. २०८२।०८३ को सालसम्म सञ्चालन गरेका योजना, कार्यक्रम तथा सेवा प्रवाहका बारे सार्वजनिक सुनुवाई कार्यक्रम लेकाली अनलाइन प्रा० लि०को सहजीकरण/ समन्वयमा तथा छत्रेश्वरी गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री छविलाल के.सी.को अध्यक्षता एवं तपशिल बमोजिमको उपस्थितिमा वडा नं ४ को प्रांगण जयन्चौरमा सम्पन्न भयो।

उपस्थिति

श्री छविलाल के.सी. - वडा अध्यक्ष/सभाध्यक्ष
श्री ओज बहादुर बुढाथोकी - गा०पा० अध्यक्ष
श्री दिपक बुढाथोकी - प्रमुख प्रशासकीय अ.
श्री तुलसा बि.क. - कार्यपालिका सदस्य
श्री पोखराज खड्का - वडा सदस्य
श्री शान्ता उपाध्याय - वडा सदस्य
श्री राजाराम रिजाल - इन्जिनियर - गा०पा०
श्री रोहित खापनेरा वडा सचिव
श्री जनक कुमार घर्ती प्राविधिक
श्री गणेश खत्री का.स.
कमल श्रेष्ठ अ.प्र. पाक जयचौर
श्री खकेन्द्र के.सी.; नेपाल पत्रकार महासंघ सल्यान-अध्यक्ष
श्री सपना डांगी - छत्रेश्वरी - ४
श्री टिकाराम वली - चोरडाडा
तुलसी भक्त वली
नीवराज पछिया
चुडामणी शर्मा
यमराज के.सी.
प्रेमलाल बुढाथोकी शिक्षक (लक्ष्मी मा.वि.)
चुडामनि पि.आ श्री छत्रेश्वरी आधारभूत वि. यर्ग/अ.
गणेश शाही शिक्षक (लक्ष्मि नि. मा. वि.)
गिर्दन खत्री
कुश बस्नेत
डिल्ली रमना (वडा)

| | |
|---|---|
| गजेन्द्र | श्री गजेन्द्र भण्डारी |
| भिमा | श्री भिमलाल पाधिरा |
| | जिवन खड्का |
| | जिवराज खड्का |
| | दिपा के.सी |
| | अनुप शर्मा |
| | धामकुमारी के.सी |
| | कमला वली |
| | दिपा कुमारी शर्मा |
| गीता | गिता वली |
| लक्ष्मी | लक्ष्मी डाँगी |
| प्रेम | प्रेम कुमारी खत्री |
| | डिल्ली कुमारी के.सी |
| | देव बहादुर के.सी |
| | डोर बहादुर खड्का प्र.अ. लक्ष्मी मा.वि जायचौर |
| | चेत बहादुर वली पुर्व वि.व्य.स. अध्यक्ष |
| | सुशिक्षा शर्मा |
| | श्री खड्ग शाही - उपाध्यक्ष - नि.स.सं. महादेव स्तम्भ |
| | श्री शंकर के.सी - सल्लाहकार - नेपाल पत्रकार म. स्तम्भ |
| | श्री इर्जन डाँगी |
| | श्री बालाराम शर्मा |
| | गुरु प्रसाद वली |
| pill | डिल्ली वि.क. |
| ओबिसरा | ओबिसरा वि.क. |
| बालिका | बालिका नेपाली |
| | नुमेश डाँगी |
| | एकराज वली |
| | रुपेन्द्र वली - चालक |
| | हेमन्त वली |
| pill | डिल्ली बहादुर वि.क. |
| सेर | शेर बहादुर वली |
| | दिपक परियार |
| नविन | नविन परियार |
| | जंग बहादुर परियार |
| | लोकेन्द्र डाँगी |

जमुना नैथला परिवार

चमला के.नि

रूपा डांगी

पवित्रा पवित्रा डांगी

अमृता अमृता डांगी

जिवे परिवार

निकिता बर्ती

सुरज कुंडा

मोनिका कि.डी.

रश्मि बर्ती

कविता बर्ती

सविता बर्ती

श्री तेज वि. रावत - स्वास्थ्य व कोविड-19 के प्रमुख

बहादुर रावत

उम्मेद रावली द्वीपनाथ डागरा व हिमालय समाज सुधार युवा क्लब अध्यक्ष

मेवालाल बिष्ट

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
३ नं. वडा कार्यालय
Office Of 3 No. Ward
मूलखोला, सल्यान
Mulkhola, salyan

9763470236

प.स. (Letter No.) २०८२/०८३
च.न (Ref. No.)

कर्णाली प्रदेश, नेपाल
Karnali Province Nepal

मिति २०८३/०१/१४

सूचना ।। सूचना ।।। सूचना ।।।

प्रस्तुत विषयमा योजना तर्जुमा विकास निर्माणमा सुधार तथा सेवा प्रवाहलाइ पारदर्शी गुणस्तरीय र प्रभावकारी बनाउदै सुशासन कायम गर्न सरोकारवाला तथा वडाका समाजसेवी बुद्धिजिवी सम्पुर्ण ३ नं वडा बासी सेवाग्राहीहरुको जिज्ञासा गुनासा प्रतिक्रिया तथा सुझाव लिनाका लागी देहायको मिति समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने भएको हुँदा उक्त कार्यक्रममा उपस्थित भई सुझाव सल्लाह प्रदान गर्न हुन तथा सेवा प्रवाह सम्बन्धमा आफ्नो गुनासो राख्नु हुन सबैमा हार्दिक अनुरोध छ ।

तपसिल

मिति: २०८३/०१/१५ गते
समय: दिउसो २:00 बजे
स्थान : वडा कार्यालय

तिर्थराज दहाल
वडा अध्यक्ष

तिर्थराज दाहाल
वडा अध्यक्ष

"म बनाउछु मेरो छत्रेश्वरी"
chhatreshwori03@gmail.com

---

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाकको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, Salyan

९८५७८४४७२

प.स.२०८२/०८३ (योजना शाखा)
च.नं.

कर्णाली प्रदेश नेपाल
Karnali Province, Nepal

सूचना नं. २२ सार्वजनिक सुनुवाई हुने सम्वन्धि अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०१/११

ने.स.११४६कछलाथ्व, ८ शुक्रवार

प्रस्तुत विषयमा योजना तर्जुमा,विकास निर्माणमा सुधार,तथा सेवा प्रवाहलाई पारदर्शी गुणस्तरीय र प्रभावकारी वनाउदै सुशासन कायम गर्न सरोकारवाला तथा गाउँपालिका वासी सेवाग्राहीहरुको जिज्ञासा, गुनासा ,प्रतिक्रिया तथा सुझाव लिनाका लागी देहायको मिति समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने भएको हुदा उक्त कार्यक्रममा उपस्थित भई गाउँपालिका कार्यालय/वडा कार्यालय र वडामा अवस्थित अन्य कार्यालयहरुलाई सुझाव सल्लाह प्रदान गर्नु हुन तथा सेवा प्रवाह सम्वन्धमा आफ्नो गुनासो राखु हुन सवैमा हार्दिक अनुरोध छ।

तपसिल:

| क्र.सं. | मिति | कार्यक्रम संचालन हुने वडा | समय | स्थान |
|---|---|---|---|---|
| १ | २०८३/०१/१४ | छत्रेश्वरी ४ नं. वडा | दिउसो २:०० वजे | जयचौर |
| २ | २०८३/०१/१५ | छत्रेश्वरी ३ नं. वडा | दिउसो २:०० वजे | वडा कार्यालय |
| ३ | २०८३/०१/२१ | छत्रेश्वरी १ नं. वडा | दिउसो २:०० वजे | दमाचौर |
| ४ | २०८३/०१/२२ | छत्रेश्वरी २ नं. वडा | दिउसो २:०० वजे | वडा कार्यालय |
| ५ | २०८३/०१/२३ | छत्रेश्वरी ५ नं. वडा | दिउसो २:०० वजे | गरिपारे सामुदायीक भवन |
| ६ | २०८३/०१/२४ | छत्रेश्वरी ६ नं. वडा | दिउसो २:०० वजे | वडा कार्यालय |
| ७ | २०८३/०१/२५ | छत्रेश्वरी ७ नं. वडा | दिउसो २:०० वजे | वडा कार्यालय |

२०८३/०१/११

दिपक वुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

"म वनाउछु मेरो छत्रेश्वरी"
chhatreshworimun@gmail.com ww.chhatreshworimun.gov.np ९८५७८४४०० (प्र.प्र.अधिकृत)

Scanned with CamScanner

---

छत्रेश्वरी गाउँपालिका
६ नं. वडा कार्यालय
लान्ती सल्यान

पत्र संख्या:- ०८२/०८३
चलानी नं.:-

कर्णाली प्रदेश, नेपाल
मिति:- २०८३/०१/१५

## सूचना !! सूचना !! सूचना !!

प्रस्तुत विषयका सम्वन्धमा योजना तर्जुमा विकास निर्माणमा सुधार तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त पारदर्शी गुणस्तरीय र प्रभावकारी बनाउदै सुशासन कायम गर्न सरोकारवाला तथा वडाका समाजसेवी बुद्धिजिवी सम्पूण ६ नं. वडा बासी सेवाग्राहीहरुको जिज्ञासा गुनासा प्रतिक्रिया तथा सुभाव लिनाका लागि तपशिल बमोजिमको मिती समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएको हुदाँ उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई सार्वजनिक सेवा प्रभावहलाई प्रभावकारी वनाउनको लागि सुभाव सल्लाह गुनासो राख्नुहुन हार्दिक अनुरोध गर्दछौ ।

तपशिल
मिती: २०८३/०१/२४
समय: दिउसो २ बजे
स्थान : ६ नं. वडा कार्यालय लान्ती सल्यान ।

२०८३/०१/१५
सरिता हि.सी
वडा सचिव

" म बनाउंछु मेरो छत्रेश्वरी" [illegible]
chhatreshworiward6@gmail.com

---

छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
५ नं. वडा कार्यालय
5 No. Ward Office
लेखपोखरा, सल्यान ।
Lekhpokhara, Salyan

पत्र संख्या (Letter No.) : २०८२/०८३
सूचना नं.(Dispatch No.) : ०९

कर्णाली प्रदेश, नेपाल ।
Karnali Province, Nepal

सूचना! सूचना!! सूचना !!!

उपरोक्त सम्बन्धमा **छत्रेश्वरी** गाउँपालिका **सल्यान**को कार्यालयबाट प.सं. २०८२/०८३, सूचना नं. २२, र मिति २०८३/०१/११ मा प्रकाशित सूचना अनुसार योजना तर्जुमा, विकास निर्माणमा सुधार, तथा सेवा प्रवाहलाई पारदर्शी गुणस्तरिय र प्रभावकारी बनाई सुशासन कायम गर्न वडावासी सेवाग्राहीहरुको जिज्ञासा, गुनासो, प्रतिक्रिया तथा सल्लाह सुझाव लिनका लागि देहायको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिने भएकोले यस वडामा अवस्थित वडा कार्यालय र अन्य कार्यालयहरुलाई सल्लाह सुझाव राख्नको लागि उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

तपसिलः
मितिः २०८३/०१/२३ गते
समयः दिउँसो ठिक ०२:०० बजे
स्थानः गरिपारे सामुदायीक भवन ।

२०८२/०१/२२
फौद बहादुर बस्नेत
वडा अध्यक्ष

"म बनाउँछु, मेरो छत्रेश्वरी"
+९७७ ९८४१५९५११२
chhatreshworioda05@gmail.com